# थबाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल।

## वडा कार्यालय भवनको कवाडी सामान लिलामी बढाबढमा लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२।०५।०२ गते**

**सूचना नं.: १२।२०८२।०८३**

यस गाउँपालिका स्थित ठूलोगाउँमा रहेको २ नं. वडा कार्यालयको कार्यालय भवन शहिद मार्गको विस्तार तथा पिच कार्यका लागि मापदण्ड अनुसार भत्काउनु पर्ने भएको र सो भवनमा भएको सामानको लिलाम बढाबढको न्यूनतम रकम अङ्क गाउँ कार्यपालिका बैठकबाट स्वीकृत भएकाले सोका आधारमा निम्न शर्तहरुको अधिनमा रहि लिलाम बढाबढको बोलपत्र आह्वान सम्बन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ।

***तपशिल***

| कामको विवरण | न्युनतम बोल रकम(भ्याट सहित) | धरौटी |
|---|---|---|
| २ नं वडा कार्यालय भवनको कवाडि सामान लिलामी | १४००००।०० (अक्षरुपी एक लाख चालिस हजार रुपैया) | कबोल कङ्कको ५ प्रतिशत |

**शर्तहरु**

१) बोलपत्र फारम खरिद गर्ने मिति सूचना प्रकाशन भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र हुनेछ। शिलबन्दी बोलपत्र पेश गर्ने मिति सूचना प्रकाशित भएको मितिले ८ औ दिनको १२ बजेसम्म हुनेछ। सो दिन सार्वजनिक विदा परेमा सो पछि कार्यालय खुलेको दिन बोलपत्र बुझाउने म्याद बिहान १२ बजेसम्म हुनेछ र १ बजे लिलाम बढाबढ बोलपत्र खोलिने छ। बोलपत्रदाता वा प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिनेछ। निजहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र फारम कार्यालय समयमा राजस्व शाखाबाट रु १०००।०० (एक हजार रुपैया) को रसिद काटि खरिद गर्न सकिनेछ। बोलपत्र खरिद गर्ने व्यक्ति/संस्था/कम्पनी/फर्मले मात्र बोलपत्र पेश गर्न पाउनेछ।

२) बोलपत्रदाता व्यक्ति भए नेपाली नागरकिताको प्रमाणपत्र, संस्था/कम्पनी/फर्म भए प्रचलित कानून बमोजिम दर्ता प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, दर्ता नवीकरण, २०८०।०८१ सम्मको करचुक्ता प्रमाणपत्र साथ पेश गर्नुपर्नेछ।

३) बोलपत्रदाताले कबोल गरेको पाँच प्रतिशत धरौटी रकम यस कार्यालयको नाममा रहेको गलोबल आइ एम इ थबाङ शाखाको 2850401000003 खाता नं. मा जम्मा गरेको सक्कल बैंङ्क भौचर वा गाउँपालिकाको राजश्व शाखाबाट जारी गरिएको भौचर सहित शिलबन्दी लिलाम बढाबढ बोलपत्र पेश गर्नुपर्नेछ। म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

४) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ।

५) वडा कार्यालय भवन हेर्न चाहनेले यस कार्यालयमा सम्पर्क राखि हेर्न बुझ्न सक्नेछ। बोलपत्र स्वीकृत भई नियमानुसार कार्यदेश पाइसकेपछि भत्केको भवनको सामान उठाउन पाइनेछ। सामान उठाउनु भन्दा अधि कबोल गरेको सम्पूर्ण रकम भुक्तानी गरिसकेपछि मात्र सामान उठाउन पाइनेछ। सामान उठाउने काम शुरु गर्न बोलपत्र स्वीकृत भएको ७ दिनभित्र बोलपत्रदाता नआएमा बोलपत्रदाताले पेश गरेको पाँच प्रतिशत अग्रिम धरौटि रकम जफत गरी नियमानुसार प्रक्रिया अगाडि बढाइनेछ।

६) रित नपुगी र शर्त राखी आएको लिलाम बढाबढ बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

७) बोलपत्र फारामको प्रत्यक पानामा बोलपत्रदाताले सहि गरेको हुनुपर्नेछ। बिना धरौटी, कम धरौटीका बोलपत्रको मान्यता हुनेछैन।

८) यस सूचनामा उल्लेखित बाहेकका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ। बोलपत्र सम्बन्धी जानकारी लिन चाहेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राखि जनाकरी लिन सकिनेछ।

(नोट: २ नं. वडाको कार्यालय भवन भत्काउने कार्य शहिद मार्ग विस्तार तथा पिच गर्ने कार्यका लागि छनौट भै कार्य गर्ने कार्यदेश पाएको व्यक्ति वा निर्माण व्यवसायीबाट हुनेछ। भवन भत्काइ सकेपछि मात्र माथि उल्लेखित सम्पूर्ण कार्यहरु सुरुवात हुनेछ)

.................
धन बहादुर ओली
नि. प्रमुख प्रशासकीय अधिकृत